आज मिति २०८३ साल असार १ गते सोमबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल गुत्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री टेक बहादुर वली | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

हेटौंडा उपमहानगरपालिकाको ८५ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

<table>
<tr><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१) प्रगति समीक्षा सम्बन्धमा ।</td><td>मिति २०८३/०२/२८ गतेको ८४ औं नगर कार्यपालिका बैठकका निर्णय कार्यान्वयनका सम्बन्धमा समीक्षा गरियो र सबै निर्णयहरु कार्यान्वयन चरणमा रहेको अवस्था देखियो ।</td></tr>
<tr><td>२) उर्जा विकास उपसमिति गठन सम्बन्धमा ।</td><td>MCA परियोजना लागू भएका क्षेत्रमा MCA नेपालको संहयोगमा उर्जा सम्बन्धी नीति, रणनीति निर्माण गर्न र उक्त परियोजनासँग समन्वय र सहजीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को उपदफा (१) को व्यवस्था बमोजिम तपसिल अनुसारको उर्जा विकास उपसमिति गठन गर्ने:<br><u>तपसिल</u><br>श्री दिपक खड्का, पूर्वाधार विकास समितिका संयोजक – संयोजक<br>श्री पूजा मंग्राती, पूर्वाधार विकास समितिका सदस्य – सदस्य<br>श्री ईश्वरी वि.क., कार्यपालिका सदस्य – सदस्य<br>श्री रुकमिणी गोङ्वा, कार्यपालिका सदस्य – सदस्य<br>श्री शंकर राई, कार्यपालिका सदस्य – सदस्य<br>पूर्वाधार विकास महाशाखा प्रमुख – सदस्य<br>विद्युत शाखा हेर्ने शाखा प्रमुख – सदस्य सचिव</td></tr>
<tr><td>३) आगामी आ.व. २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रम सम्बन्धमा ।</td><td>हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, बजेट तथा कार्यक्रमको प्रगतिको बारेमा छलफल भई आगामी कार्यपालिका बैठकमा पेश गर्नका लागि मस्यौदा सहित बजेट तथा कार्यक्रम तर्जुमा समितिले नगर प्रमुख पेश गर्ने ।</td></tr>
<tr><td>४) विविध आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा ।</td><td>हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने र उपलब्ध गराइएको सहयोग रकम अनुमोदन गर्ने:
<table>
<tr><th>सि.नं.</th><th>सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम</th><th>ठेगाना</th><th>सहयोग रकम रु.</th><th>खर्च व्यहोर्ने शीर्षक</th></tr>
<tr><td>१</td><td>कमला दर्जी, उपचार सहयोग, वरिष्ठ उद्यम विकास सहजकर्ता, हेटौंडा उपमहानगरपालिका</td><td>हेटौंडा-१३</td><td>२०,०००।००</td><td>औषधि उपचार खर्च (कर्मचारी) खर्च शीर्षक २११२३ पेज नं.६४ सि.नं. ४</td></tr>
</table></td></tr>
</table>

प्रमाणीकरण गरियो

प्रतिलिपि प्रमाणित

| | |
|---|---|
| ५) योजना कार्यान्वयन सम्बन्धमा । | हेटौंडा उपमहानगरपालिका र United Nations Office for Project Services (UNOPS) बीच सम्झौता भई कार्यान्वय भइरहेको Cities 4 Women (C4W) Inclusive and climate resilient urbanization project अन्तर्गत वडा नं.८ मा महिलामैत्री पार्क निर्माण गर्नका लागि पहिलो प्याकेज मार्फत बोलपत्र आह्वानबाट सम्झौता भई बचेको रकम वडा नं.४ हुप्रचौरमा योजना कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडि बढाउने । |

प्रमाणीकरण गरियो ।
दस्तखत: ............
नाम: टेकबहादुर बर्ले
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ............

प्रतिलिपि प्रमाणित